## बुद्धजयन्ती पालन

**दार्जीलिङ, १२ मई।** सिंगताम चियाकमानको गोपालधुरास्थित डिन्छेन टाँसी छ्योइलिङ गुम्बामा भगवान बुद्धको २५६१ औं जन्मजयन्ती धर्मगुरु टुकु तेञ्जिङ नर्बुको अगुवाईमा पालन गरियो। उक्त अवसरमा हालैमा दिवंगत भएकी एस. एल. पाल्जरको आत्मशान्तिको निम्ति एक ग्याम्छो छुमी बत्ती जलाई म्हाणी मोन्लन गरियो। भगवान बुद्धको प्रतिमा अनि पुस्तकहरू सिंगताम कमानको विभिन्न गाउँहरूमा परिक्रमा गराइयो अनि धर्मगुरुहरूको प्रवचनपछि भक्तजन अनि श्रद्धालुहरूलाई प्रसाद र अभिषेक वितरण गरिएको जानकारी गुम्बाका सचिव बी. घिसिङले दिए।

## चितुवाको मृतदेह उद्धार

**सिलगड़ी, १२ मई।** सिलगड़ीसंलग्न खप्रेल बजार छेउबाट एउटा चितुवाको मृतदेह उद्धार गरियो। शुक्रवार बिहान स्थानीय मानिसहरूले एउटा चितुवा सुतिरहेको देखे। सर्वप्रथम स्थानीय मानिसहरूले चितुवा जीवित रहेको अनुमान लगाए पनि वास्तवमा त्यो मरेको थियो। पछि तिनीहरूले वन विभागलाई खबर दिए। वनकर्मीहरूले बताएअनुसार चितुवा नजीकैको चियाकमानबाट सड़क पार गर्ने क्रममा कुनै वाहनको चपेटमा आएको हुनसक्छ। चितुवाको शरीरमा चोटपटकका चिह्न रहेकोले वाहनको धक्काले नै त्यसको मृत्यु भएको अनुमान लगाइएको छ। वन विभागले चितुवाको मृतदेह उद्धार गरेर पोस्टमार्टमको निम्ति पठाएको छ।

## 'फेसबुक' बजारमा

**मिरिक, १२ मई।** नेपाली संगीत क्षेत्रमा उदियमान गायक खेम नारायण सुब्बाले भर्खरै फेसबुक नामक गीती अडियो-भिडियो एल्बम बजारमा ल्याएका छन्। मिरिकको फुवागढ़ी उच्च माध्यमिक विद्यालयमा हिजो आयोजित सांस्कृतिक कार्यक्रमको अवसरमा सुब्बाले आफ्ना गीतहरू श्रोता अनि दर्शकमाझ प्रस्तुत गरे। कार्यक्रममा विद्यालयका शिक्षक शिक्षिका अनि विद्यार्थीहरूको उपस्थिति थियो। विद्यार्थीहरूलाई गीत-संगीतको क्षेत्रमा जानकार बनाउन यसरी विद्यालयमा आएर आफ्ना गीतहरूबारे अवगत गराएको उनले बताए।

## आज मई बसिबियाँलोको १६५ औं प्रकरण

**कालेबुङ १२ मई।** प्रत्येक महिनाको दोस्रो शनिबार एक बजीदेखि आयोजना हुँदै आइरहेको वैचारिक साहित्यिक मन्थन यसपालि १३ मईको दिन आयोजना हुने भएको जानकारी बसिबियाँलोका सहयात्री माया राई, लीला जोशी अनि अरूण कुमार रसाइलीले दिएका छन्।

माया राई, लीला जोशी अनि अरूण कुमार सराइली-को सामूहिक घरपतित्वमा सम्पन्न हुन लागेको बसिबियाँलोको १६५ औं प्रकरण साहित्यिक कार्यक्रम यहाँको थानाडाँड़ास्थित डा. एसबी राई स्मृति भवनमा अपरान्ह ेक बजीदेखि निर्धाक्षरिक समयमा आरम्भ हुने जानकारी घरपतित्व माया राई र लीला जोशीले दिएका छन्। उक्त कार्यक्रममा विभिन्न साहित्यिक आदि प्रस्तुतिका साथ कविता, गजल, गीत, कथा आदि वाचन गरिने कार्यक्रममा सबै सहयात्री, साहित्यनुरागी लगायत बसिबियाँलोका सम्पूर्ण सहयात्रीहरूलाई उपस्थित भइ दिने यसै विज्ञप्ति मार्फत माया राई, लीला जोशीले आग्रह गरेका छन्।

VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net

# तृणमूलले जिते पहाड़लाई झलमल पार्नेछौं : गौतम देव



**दार्जीलिङ, १२ मई।** पहाड़को नगरपालिका क्षेत्रहरूलाई विकासले झलमल बनाउन एकचोटि तृणमूल कंग्रेसलाई मौका दिनुहोस्, यदि विकास कार्य गर्नमा तृणमूलको बोर्ड चुके अर्को चुनाउमा तृणमूललाई फालेर अन्य कुनै दललाई ल्याउनुहोस् भन्दै तृणमूल कंग्रेस नेता तथा राज्यका पर्यटन मन्त्री गौतम देवले मतदाताहरूलाई तृणमूल उम्मेद्वारहरूको पक्षमा भोट मागे। शुक्रवार तृणमूल कंग्रेसद्वारा चोक बजारमा आयोजित चुनाउ जनसभालाई सम्बोधन गर्दै मन्त्री देवले दार्जीलिङलाई आफूले अति नै माया गर्ने गरेको बताए, त्यसरी नै मुख्यमन्त्री ममता ब्यानर्जीले पनि दार्जीलिङ पर्वतीय क्षेत्रलाई अति नै माया गर्ने गरेको बताउँदै यसैले राज्यको मुख्यमन्त्रीको पदभार सम्हालेदेखि यता तिनी धेरैचोटि दार्जीलिङ पहाड़ आएकी जनाए। दार्जीलिङ पर्वतीय क्षेत्रमा तृणमूल कंग्रेसको एकजना पनि जनप्रतिनिधि नभएर पनि मुख्यमन्त्रीले दार्जीलिङको विकास गर्न थुप्रै विकासमुखी कार्यहरू गर्दै आइरहेको तिनले बताए।

दार्जीलिङ पर्वतीय क्षेत्रलाई अझ विकसित बनाउन आउँदो १४ मई हुने पहाड़को चारवटा नगरपालिका चुनाउमा तृणमूल कंग्रेसलाई एकचोटि मौका दिने अपील गर्दै मन्त्रीले यदि पहाड़का मतदाताहरूले भने जस्तो विकास गर्ननसके अर्को चुनावमा तृणमूल कंग्रेसलाई हटाउन बने। तर एकचोटि तृणमूललाई मौका दिन र तृणमूल उम्मेद्वारहरूलाई घाँसफूल चिन्हमा भोट हाल्ने तिनले पुन: अपील गरे। तृणमूल कंग्रेसलाई पहाड़का मतदाताहरूले भोट दिएर विजयी बनाए भ्रष्टाचारमुक्त र विकासमूलक नगरपालिका बोर्ड दिने मन्त्री देवले आश्वासन दिए। राज्य सरकारले पहाड़का नगरपालिकाहरूलाई विकास गर्न थुप्रै धनराशि दिएको तर मोर्चाको बोर्डले रत्तिभर पनि विकास नगरेको तिनले आरोप लगाए। दार्जीलिङ पर्यटनस्थल भएकोले यहाँ देश-विदेशबाट पर्यटकहरू घुम्न आउँछन् भन्दै मन्त्रीले तर मोर्चाको नगरपालिका बोर्डले नियम-कानूनलाई ताकमा राखेर गगनचुम्बी भवनहरूको निर्माण गरेको, पानी वितरण ठीकसँग नगरेको, शौचायलयहरूको व्यवस्था ठीक नगरेको आरोप लगाउँदै तृणमूल कंग्रेसको बोर्ड गठन भए यी सबैको समाधान गरिने बताए। जनसभालाई हिल तृणमूल कंग्रेस कार्यकारी अध्यक्ष एन. बी. खवास, महासचिव निर्मल सिंह, जे. बी. तामङ आदिले सम्बोधन गरे। तृणमूल कंग्रेसको यस चुनाउ जनसभासँगै दार्जीलिङ नगरपालिकाको चुनाउ प्रचारको अवधि पनि समाप्त भयो।

# गोजमुमो-तृकं चुनाउमा व्यस्त

**खरसाङ, १२ मई।** नयाँ बजार खरसाङस्थित नवनिर्मित सार्वजनिक भवनमा आयोजित गोजमुमोको जनसभालाई सम्बोधन गर्ने क्रममा वक्ताहरूले आगामी १४ मईमा हुने नगरपालिका चुनाउमा यहाँका सम्पूर्ण २० वार्डहरूमा गोजमुमो प्रत्याशीहरूलाई भारी भोटले विजयी गराउने तथा गोर्खाल्याण्डको निम्ति जनाधार प्रदर्शन गर्ने आह्वान गरे।

जनसभामा प्रमुख वक्ताको रूपमा उपस्थित जीटीए सभासद अनित थापाले भने, कसैलाई गाली गर्दैमा गोर्खाल्याण्ड गठन हुनेवाला छैन। गाली गर्ने प्रथालाई हामीले बन्द गर्नुपर्छ। हाम्रो गोर्खाल्याण्डको अभियान सहित जातिको अस्तित्व मेटाउनका लागि बङ्गालपन्थी नेताहरूलाई खरसाङमा ल्याएर तृणमूल कङ्ग्रेसले कथित षड़यन्त्र रचिरहेको छ।

सभासद् अनित थापाले भने, यदि विगतमा मेरो भाषणको माध्यमबाट कसैलाई चोट पुगेको छ भने क्षमाप्रार्थी छु। म गोर्खाल्याण्डको अभियानको निम्ति समर्पित छु। यस अभियानबाट म एक इञ्च पनि पछि हट्नेछुइन्। तृणमूल कंग्रेसवालाहरूले मेरो बारेमा दुष्प्रचार गरिरहेका छन् तर म यसबाट अलिकति पनि विचलित बन्नेछुइन्। मेरो बारेमा दुष्प्रचार गर्नका लागि जुन रुपियाँ खर्च गरिरहेका छन् त्यसलाई गरीब-दु:खीहरूको सेवामा लगाए उत्तम हुनेछ। जातीय अस्तित्व बचाउनका लागि युवाहरूलाई दुइ दिन जागै बसेर मतदाताहरूको निगरानी गर्ने आह्वान गर्दै उनले भने, यस अवधिमा यिनीहरूले कथित रूपले भोट हत्या-उनका लागि रुपियाँ बाँढ़न सक्छन्। यो सम्भावनालाई अस्वीकार गर्न सकिँदैन। उनले आरोप लगाए, चुनाउलाई मध्यनजर गर्दै जनताभन्दा अधिक पुलिस जुटाएको छ। यसैले प्रशासनले हाम्रो केही सुनिरहेको छैन। प्रशासनले पनि तृणमूल कङ्ग्रेसकै पक्षमा काम गरिरहेको छ। गोजमुमो नेता बलराम छेत्रीले गोर्खाल्याण्डको निम्ति जनाधार देखाउनका लागि मोर्चा प्रत्याशीहरूको पक्षमा मतदान गर्ने आह्वान मतदाताहरूसित गरे। उनले तृकं नेताहरूसित सतर्क बस्ने आग्रह पनि गरे। उनले भने, यिनीहरूले रुपियाँ बाँढ़नका लागि कोलकाताबाट मन्त्रीहरू भित्राएका छन्। हाम्रो जातीय अस्तित्वलाई डुबाउनका लागि कथित प्रयास भइहेको छ जसको सही जवाफ दिनका लागि हामी सबैले आफ्नो भोट गोर्खाल्याण्डको पक्षमा गोजमुमो प्रत्याशीलाई दिनुपर्छ।

सोही अवसरमा तृकं समर्थकहरू लक्ष्मी प्रधानछेत्री, आशा देवी शाह अनि गोरामुमो समर्थक नरेश राई गोजमुमोमा सामेल भए जसलाई पार्टीको झण्डा प्रदान गरी पार्टीमा स्वागत जनाइयो। कमल शर्माको अध्यक्षतामा सम्पन्न एवं बालकृष्ण थामीद्वारा सञ्चालित जनसभालाई आशा मुखिया-लामा, को-अर्डिनेटर फूर्बा लामा आदिले पनि सम्बोधन गरेका थिए।

अर्कोतिर, चुनाउ प्रचारको अन्तिम दिन आज तृणमूल नले यहाँका विभिन्न वार्डहरूमा चुनाउ सभा आयोजन गरी तृणमूल कंग्रेस प्रत्याशीहरूको पक्षमा मतदान गर्ने आह्वान गर्‍यो। माइकिंगको माध्यमबाट पनि तृकंले चुनाउ प्रचार गर्‍यो। यस अतिरिक्त जाप अनि निर्दलय प्रार्थीहरूले पनि आ-आफ्नो वार्डमा चुनाउ प्रचार गरे।

# मोर्चा र तृकं दुवै दलले गरे जीतको दाबी

**मिरिक, १२ मई।** नगरपालिका चुनाउको निम्ति चुनाउ प्रचार अभियान आज साँझदेखि समाप्त भएको छ। आइतवार उम्मेद्वारहरूको भाग्य ईभीएममा बन्द हुनेछ। मिरिक नगरपालिकामा नौवटा सीटको निम्ति ३४ उम्मेदवार मैदानमा छन् भने ७ र ३ वार्डका निर्दलीय प्रार्थीले गोजमुमोलाई बाटो छोड़िदिएका छन्। मिरिकमा मोर्चा र तृणमूलमाझ नै सोझो टक्कर हुने देखि-एको छ। निर्दल उम्मेद्वारले छोड़ेको वार्ड नं० ७ र ३मा तृणमूललाई निकै चर्को पर्ने देखिएको छ। यद्यपि, तृणमूलका सबै उम्मेदवारहरू आफ्नै जित निश्चित छ भन्ने कुरामा विश्वस्त छन्। अन्य निर्दलीय प्रार्थीले पनि चुनाउ प्रचारमा खटेको हेर्दा एक-दुइ सीट उनीहरूको पक्षमा जाने हो कि भन्ने अनुमान लगाउन सकिन्छ। वर्ष २०१२ मा गोर्खा जनमुक्ति मोर्चाले नगरपालिका वार्डमा वर्चस्व कायम गर्दै बोर्ड गठन गरेको थियो भने यसपल्ट मोर्चाको निम्ति पनि चुनाउ जित्न त्यति सहज देखिएको छैन। यसरी नै तृणमूल कङ्ग्रेसलाई पनि सबै वार्डमा चुनाउ जित्न सहज देखिएको छैन। लगभग डेढ़ महीनाको चुनाउ प्रचार अवधिमा दलहरूले जनतालाई के-के बुझाए र जनताले के-के बुझे त्यो १७ मईमा नै स्पष्ट हुनेछ।

# नियुक्तिको लागि सिन्कोनाका सहायककर्मीहरू एक

**लाटपञ्चर, १२ मई।** 'सिन्कोनालाई राजनीतिक रेसलिङ खेल्ने अखड़ा नबनाऊ। सिन्कोनाको अस्तित्व रहेन भने राजनीतिक पार्टीका श्रमिक संगठनहरूको अस्तित्व नै रहनेछैन। सिन्कोना बगानमाथि लागेको रोगलाई निको पार्न सबैले कोशिश गर्नुपर्छ।' सिन्कोना हेल्पर एसोसिएशनको आयोजित सभामा एसोसिएशनका महासचिव मुनाल घिसिङले उपरोक्त वक्तव्य दिएका हुन्। मनसोङ, लाटपञ्चर, रोङ्गो अनि मङ्पूका विभिन्न डिवीजनबाट सिन्कोनामा एक सहायक(हेल्पर)-को रूपमा कार्यरत श्रमिकहरूको उपस्थिति थियो। सभामा सहायकहरूको नियुक्ति ठप्प भएको सम्बन्धमा चर्चा गरियो। आफ्नो वक्तव्यमा महासचिव घिसिङले एसोसिएशनले विभिन्न ठाउँमा सभाको आयोजन गरी आफ्ना सदस्यहरूलाई मूल मागसम्बन्धी अवगत गराउने कार्य अब लगभग पूरा भइसकेको अनि अब आफ्नो मूल मागलाई बोकेर सड़कमै ओर्लनुपर्ने समय आएको सभालाई अवगत गराए। अर्का वक्ता अर्पणा राईले सहायकहरूको स्थितिको अवगत गराउँदै तिनले एकजना सहायकले आजको महँगी समयमा दैनिक रोजीमा काम गरेर घरको सम्पूर्ण खर्च बेहोर्नु असम्भव छ अनि काम दैनिक रोजीमा तर जिम्मेवार भने एकजना क्लर्क, कर्मचारीको गर्नुपरिरहेको छ भनिन्। कार्यालयको एउटा कोठामा एकजना कर्मचारीले अनि सहायकले बराबरी काम र जिम्मेवारी निर्वाह गर्नुपरिरहेको तर वेतनको तुलना गर्नु सकिँदैन भनिन्। आजको महँगीमा सहायकलाई प्राप्त वेतनले घर चलाउन गाह्रो परिरहेको अवगत गराइन्। सहायकहरूलाई शीघ्र नियुक्ति दिइनुपर्ने माग उठाइन्। मङ्पू जोनल कमिटीका पदाधिकारी सञ्जीव घिसिङले सहायकहरूलाई उनीहरूको रोजीभन्दा धेरको काम गर्नुपरिरहेको आशय प्रकट गर्दै तिनले सहायकहरूले एक युडी स्केलका कर्मचारीको बराबरीमा काम गर्दैछन्। एउटा मारूति भ्यानलाई पिकअप भ्यानको भारी बोकाइए झैं काम लगाइँदैछ तर उनीहरूलाई नियुक्ति दिने काम अझसम्म नगरेकोमा आश्चर्य प्रकट गरे। सहायकहरू आफ्नो एक सूत्री माग नियुक्तिको लागि एक भएर, एउटै आवाज बोकेर अघि बढ्नुपर्ने आह्वान गरे। सिन्कोनाको लागि जे जतिले राम्रा काम गरेका छन् उनीहरूको नाम सिन्कोनारहुञ्जेल सिन्कोनावासीले भुल्नेछैन। एलएम शर्माहरूले सिन्कोनाको लागि जति लड़ाईं लड़े त्यो बिर्सने छैन भन्दैथिए एसोसिएशनका केन्द्रिय समितिका सह- सचिव हेमन्त खवासले। तिनले यो संगठन विशुद्ध अराजनीतिक संगठन हो, यो राजनीतिकमुक्त संगठन हो। धुरीमा झण्डा लगाउँदैमा सो पार्टीको हुन्छ भन्ने होइन तर जसले सहायकहरूको पीढ़ालाई बुझ्नसक्छ उसलाई सहायकहरूले भुल्नेछैन भने। केन्द्रिय समितिका उपाध्यक्ष सुरेन गुरूङले आजसम्ममा एसोसिएशनले गरेका कार्यहरूको सम्झना गर्दै वक्तव्य राखे। लाटपञ्चर जोनलका सचिव कमल राईले पनि सम्बोधन गरे। अमृत खड़काले सञ्चालन गरेको कार्यक्रममा रोङ्गो, मनसोङ, मङ्पू अनि लाटपञ्चरका धेरै सदस्यहरूको उपस्थिति थियो। सभालाई मनसोङका भुवनसिंह राई, मनसोङका दीपक तामङ आदिले पनि सम्बोधन गरे। कार्यक्रमको अन्तमा एसोसिएशनका अध्यक्ष साङदोर्जे लामाले एसोसिएशन पूर्णतया अराजनीतिक संगठन रहेको जनाउँदै सबै सहायकहरू आफ्नो मागको लागि एक भएर माग फत्ते गराउन अघि बढ्नुपर्ने आह्वान गरे। सभा यहाँको प्रभागीय बङ्लो परिसरमा भएको थियो।

## प्रचारको अन्तिम दिन सबै दल व्यस्त

**कालेबुङ १२ मई।** १४ मईको दिन हुने पहाड़मानगरपालिका चुनाउको लागि प्रचार प्रसार कार्य आज साझ पाँचबजीदेखि समाप्त भयो। आज विभिन्न राजनैतिक पार्टी गोजमुमो, जाप, टीएमसी, माकपा, क्रामाकपाहरूले नगरपालिकाको ४६ वटा वार्डका विभिन्न क्षेत्रमा जनसभाको ायोजना गरे भने स्वतन्त्र उम्मेद्वारहरूले वार्ड-वार्ड घुमेर प्रचार प्रसार गरे।

चुनाउ प्रचार समाप्त हुने बित्तिकै प्रार्थीहरूले मतदाताहरूको ढोका-ढोकामा गएर भोट माग्न थालेका छन्। आज कालेबुङ चुनाउ रिर्टनिङ अधिकारी एवं कालेबुङ महकुमा सदर अधिकारी निर्मल्य घरामाले कालेबुङ नगरपालिकाको निम्ति १४ मईको दिन बिहान ७ बजीदेखि ५ बजीसम्म मतदान हुनेछ भनी पत्रकारहरूलाई जनाउँदै प्रार्थीहरूको नाउँ र चुनआउ चिन्ह सेट गर्ने कार्य भोटिङ मशिनमा सकिएको अनि सेकटरहरूमा विभागीय अधिकारीहरू र सेक्टर मेजिस्ट्रेट नियुक्ति गरिएको जनाए। भोलि (१३ मईको दिन) चुनाउ कर्मी र अधिकारीहरूलाई चुनाउ सामाग्रीहरू दिइनेछ। मतगणना आगामी १७ मईको दिन हुनेछ। घरामीले जानकारी दिए अनुसार कालेबुङ नगरपालिकाको अतिथिगृहमा मतपत्र स्ट्रङ रूममा राखिने छ अनि मतगणना पनि नगरपालिका अतिथिगृहमा हुनेछ। मतदान केन्द्रमा लैजाने सामाग्रीहरू पनि अतिथि गृहबाट वितरण गरिनेछ।

# दार्जीलिङका १२५ व्यक्तिलाई मतदान र मतगणना केन्द्रको छेउछाउ नजाने निर्देश

**सूचीमा अधिकांश मोर्चा कार्यकर्ताहरूको नाउँ सामेल**

**सिलगड़ी, १२ मई।** चार नगरपालिकाको मतदानको दिन पहाड़मा कानून-व्यवस्थामा अवनति हुनसक्ने आशंका पुलिस-प्रशासनले गरिरहेको छ। त्यसैले पहाड़का चारै नगरपालिका क्षेत्रमा कानून-व्यवस्था कसिलो बनाइराख्न दार्जीलिङ सदर प्रशासनले विभिन्न मामिलामा अभियुक्त दार्जीलिङका १२५ व्यक्तिलाई मतदानको दिनदेखि मतगणनाको दिनसम्म मतदान केन्द्र र मतगणना केन्द्रको छेउछाउ नजाने निर्देश जारी गरेको छ। पुलिस सूत्रले बताएअनुसार यी १२५ व्यक्तिमा अधिकांश नै गोर्खा जनमुक्ति मोर्चाका सक्रिय कार्यकर्ताको रूपमा परिचित छन्। यसमा युवा मोर्चा, नारी मोर्चा र विद्यार्थी मोर्चाका नेता र सक्रिय कार्यकर्ताहरू छन्। प्रशासनको तर्फबाट म्याजिस्ट्रेट सुब्रत चक्रवर्तीले यस्तो निर्देश जारी गरेका हुन्। तिनले दार्जीलिङका पुलिस अधीक्षक, जिल्लाशासकलगायत प्रशासनका सबै वरिष्ठ अधिकारीहरूलाई नाउँको सूचीको प्रतिलिपि पठाएका छन्। मोर्चाको आन्दोलनदेखि शुरू गरेर पहाड़मा विभिन्न अपराधमूलक कार्यकलापमा पक्रा परेका सयभन्दा धेर पुरुष र महिलाहरूविरुद्ध अहिले मामिला चलिरहेको छ। यसमध्ये धेरै नै थानाबाट व्यक्तिगत जमानीमा (पीआर बण्डमा) फुकुवा भएका छन्।

जिल्ला प्रशासनले बिहीवार यस्तै १२५ जनाको नाउँको सूची प्रकाशित गरेको छ। यस सूचीमा युवा मोर्चा सभापति प्रियवर्द्धन राई, महेन्द्र राई, अर्पण गुरुङ, सोनाम भोटिया, विनय प्रधान, प्राणेश तामङ, सञ्जय गुरुङ, ललित सुब्बा, सुजाता गुरुङ, अमित छेत्रीलगायत धेरै मोर्चा नेता र कार्यकर्ताहरूको नाउँ छ। सरकारी निर्देशमा भनिएअनुसार सूचीमा नाउँ रहेकाहरू आउँदो १४ मई मतदानको दिनदेखि १७ मई मतगणनाको दिनसम्म बिहान सात बजीदेखि बेलुकी ६ बजीसम्म मतदान केन्द्र र मतगणना केन्द्रको छेउछाउ घुमफिर गर्न पाउने छैनन्। प्रशासन सूत्रले जनाअनुसार मतदानको दिन गण्डागोल हुनसक्ने आशंकालाई ध्यानमा राख्दै अनि अभियुक्तहरूले फेरि कुनै प्रकारको झमेला नगरुन् भनेर तिनीहरूको गतिविधिमाथि निषेधाज्ञा जारी गरिएको हो। जिल्ला चुनाउ अधिकारी तथा दार्जीलिङरी जिल्लाशासक जयशी दासले भनिन्, सूचीमा नाउँ रहेकाहरू विगतमा विभिन्न आपराधिक मामिलामा संलग्न थिए र मतदानको अवधि तिनीहरूले फेरि अशान्ति गर्ने आशंका गरिँदैछ त्यसैले यस्तो निर्देश जारी गरिएको हो। चुनाउ अधिकारीले बताएअनुसार सूचीमा नाम रहेका व्यक्तिहरूले आफ्नो मताधिकारको प्रयोस गर्न सक्नेछन्। तर तिनीहरू एक्ला-एक्लै गएर आ-आफ्नो मतदान गरेर फर्किहाल्नु पर्नेछ। तिनीहरू मतदान केन्द्रको छेउछाउ घुमफिर गर्न पाउने छैनन्। कानून-व्यवस्थामा कुनै प्रकारको अवनति हुनसक्ने आशंकाले गर्दा नै यस्तो निषेधाज्ञा जारी गरिएको हो। पुलिस सूत्रले बताएअनुसार सूचीमा नाम रहेका धेरैजसो मोर्चा नेताहरू नै अहिले भागेका छन्।

यसैबीच गोर्खा जनमुक्ति मोर्चाले आरोप लगाएअनुसार तृणमूल कंग्रेसले सरकारी क्षमताको दुरुपयोग गरेर मतदान गराउन चाहिरहेको छ। मोर्चाका एकजना अग्रिम पंक्तिका नेताले भने, तृणमूल कंग्रेसले पुलिस-प्रशासनलाई चुनाउको राजनीतिमा उतारेको छ, पहाड़का मानिसहरूले यसको उचित उत्तर दिनेछन्। प्रशासनिक सूत्रले जनाएअनुसार पहाड़का चार नगरपालिकामध्ये सबैभन्दा धेर ३२ वार्ड दार्जीलिङ नगरपालिकामा छ। यसपालि सर्वप्रथम पहाड़को नगरपालिका चुनाउमा तृणमूल कंग्रेसले प्रतिद्वन्दिता गरिरहेको छ। तृणमूल कंग्रेसका विभिन्न स्तरका नेताहरू बाहेक राज्यका कम्तीमा पाँच मन्त्रीले पहाड़मा जोर्दार ढंगमा चुनाउ प्रचार गरे। मोर्चाको अभियोगको प्रसंगमा जिल्ला तृणमूल कंग्रेस अध्यक्ष तथा राज्यका पर्यटनमन्त्री गौतम देवले भने, पुलिस-प्रशासनले आफ्नै प्रकारले कार्य गर्दैछ, मोर्चा नेताहरूलाई यसमा कुनै प्रकारको समस्या रहे तिनीहरू सर्वोच्च न्यायालय जान सक्छन्।

# गोर्खा रंगमञ्च भवनमा गोर्खा सैनिकको प्रतिमा पुन: राख्नुपर्ने माग



**दार्जीलिङ, १२ मई।** गोर्खा रंगमञ्च भवनको थाप्लोमा नमस्ते गरेको प्रतिमा पटक्कै नसुहाउने गोरामुमोको सैनिक संगठन गोर्खा राष्ट्रिय भूतपूर्व सैनिक संगठनले बताएको छ। शुक्रवार दार्जीलिङ प्रेस गिल्डमा भूतपूर्व सैनिक संगठन अध्यक्ष जे.आर. देवान अनि उपाध्यक्ष रिङगा तामङले गोरामुमो प्रमुख सुवास घिसिङले आफ्नो शासनकालमा दार्जीलिङमा विशाल गोर्खा रंगमञ्च भवन निर्माण गरेको अनि भवनको थाप्लोमा विश्वविजेता गोर्खा सैनिकको विशाल प्रतिमा स्थापित गरेका थिए तर गोर्खाल्याण्ड ल्याउँछु भन्ने दलले सत्तामा आएपछि गोर्खा सैनिकको प्रतिमालाई भवनबाट थाप्लोबाट हटाएर तल भुइँमा झारेको र नमस्ते गरेको प्रतिमा राखेको जो विश्वविजेता गोर्खाहरूको अपमान हो भने। अध्यक्ष देवानले चाँड़ोभन्दा चाँड़ो गोर्खा सैनिकको प्रतिमालाई भुइँबाट उठाएर पुन: गोर्खा रंगमञ्च भवनको थाप्लोमा राख्नुपर्ने माग गरे।

गोर्खाल्याण्ड ल्याउँछु भन्ने दलले गोर्खा सैनिकको प्रतिमालाई यसरी अपमान गर्न नहुने बताउँदै तिनले १९८६ सालमा गोरामुमो अध्यक्ष सुवास घिसिङले विश्व थर्काउने आन्दोलन गरेका थियो तर हाम्रैहरूले आन्दोलनको विरोध गर्ने हुँदा गोर्खाहरूको भाग्य बिग्रेको थियो यदि विरोध नगरेको भए सायद हामी लक्ष्यमा पुग्नेथियौं भने। त्यसरी नै २००७ मा दोस्रोपल्ट गोर्खाहरूको भाग्य बिगार्ने काम भयो भन्दै देवानले राज्य र केन्द्र सरकार दुवैले गोर्खाहरूलाई संवैधानिक व्यवस्था छैटौं अनुसूची दिन्छु भनेको बेला हाम्रैहरूको विरोधको कारण गर्दा त्यो पनि हुन नसकेको जनाए। गोर्खा राष्ट्रिय भूतपूर्व सैनिक संगठनले समस्त भूतपूर्व सैनिक संगठनहरूलाई एकवद्ध बनाउने दिशामा काम गर्दैछ पुन: एकवद्ध भएपछि भारत सरकारलाई छैटौ अनुसूची छिटो गठन गर्ने दवाउ बनाउनेछौं, देवानले भने। पहाड़को चारवटा नगरपालिकाको चुनाउलाई आफूहरूले जनमतको रूपमा हेरेको बताउँदै देवानले पहाड़को चारैवटा नगरपालिका चुनाउमा गोरामुमोको उम्मेद्वारहरूलाई भोट दिने अपील गरे।

VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net
Contact :
9832366113/
9832684683

एनएचपीसी लिमिटेड
(भारत सरकारको एक उपक्रम)
पंजीकृत कार्यालय: एनएचपीसी कार्यालय परिसर, सेकन्दरबाद-33, फरिदाबाद, हरियाणा-121003
CIN - L40101HR1975GOI032564
Website: www.nhpcindia.com
निविदा आह्वान सूचना (खुला)
निर्माणकार्यको निम्ति वाञ्छनीय घरेलु बोलिकर्ताहरुबाट एनएचपीसी लिमिटेड,टिस्टा-5 पावर स्टेशनको पक्षमा अनि निम्ति अनलाइन इलेक्ट्रोनिक बोली आमन्त्रणा गरिन्छ जुन निम्न वर्णन गरिएको छ-
**ई-निविदा आईडी:** 2017-एनएचपीसी-201875-1 **कामको नाम-** एचएम अंगभूतको नियमित रेखदेख अनि संचालनको रखरखाउ अनि संचालन काम **कामको अनुमानित लागत:** 2813435 **बैना राशि:** 56000 **निविदा दस्तावेज लागत:** 500 **पूर्णता अवधी:**12 महिना **निविदा दस्ताएजको बिक्री |डाउनलोडको मिति अनि समय:**13-05-2017 को 11:30 देखि 26-05-2017 को 4:30सम्म **ई-निविदाको प्राप्तिको अन्तिम मिति अनि समय :** 26-05-2017 को 5:30सम्म **तकनिकी वाणिज्यिक बोलीको खुला मिति:** 30-05-2017 को 1 बजेसम्म
अधिक जानकारीको निम्ति हेर्नुहोस् www.nhpcindia.com अथवा http://eprocure.gov.in/eprocure/app सम्पर्क गर्नुहोस् प्रबन्धक(ई)-ठेका विभाग, टिस्टा-5 पावर स्टेशन, एनएचपीसी लिमिटेड, बालुटार,डाक-सिङताम, पूर्व सिक्किम-737134,टेलिफोन:03592-247349, ईमेल आईडी: tsvcontract@gmail.com.
विद्युतमा कुनै शिकायत रहेमा 1912 मा डायल गर्नुहोस्

ट्राफिक ब्लकको कारण ट्रेन सेवाहरुको मार्गमा परिवर्तन
मालदा मण्डलको महिलाप स्टेशन एवं मनीग्राम स्टेशनबीच अप एवं डाउन दुवै लाइनमा दिनांक 14-05-2017 (आइतबार) को बिहान 9 बजेदेखि अपराह्न 4 बजेसम्म 7 घण्टाको ट्राफिक ब्लकलाई मद्देनजर राख्दै निम्न उल्लेखित ट्रेनहरुको निम्नानुसार परिवर्तित मार्गमा यात्रा हुनेछ-
1) गुवाहाटीबाट दिनांक 13-05-2017 मा रवाना हुने 12518 डाउन(गुवाहाटी-कोलकाता) गरीब रथ एक्सप्रे परिवर्तित मार्ग गुमानी-रामपुरहाट भएर यात्रा गर्नेछ एवं नलहटी,रामपुरहाट, बर्धमान स्टेशनहरुमा रोकिनेछ।
2) पुरीबाट दिनांक 13-05-2017 मा रवाना हुने 15643 अप(पुरी-कामाख्या) एक्सप्रेस परिवर्तित मार्ग रामपुरहाट-गुमानी भएर यात्रा गर्नेछ एवं बर्धमान, रामपुरहाट एवं नलहाटी स्टेसनहरुमा रोकिनेछ।
यात्रिहरुलाई पुगेको असुविधाहरुको निम्ति खेद प्रकट गरिन्छ।
हामीलाई भेट्नुहोस् https://www.facebook.com/NFRailway एवं https://twitter.com/RailNf मा
महाप्रबंधक (परिचालन)
पूर्वोत्तर सीमा रेलवे
ग्राहकहरुको सेवामा मुस्कानसहित